# एजेण्डा

**मिति २०८० बैशाख ३१ गते बसेको कार्यकारी समितिको बैठकको निर्णय** अनुसार एजेण्डा १ को सम्बन्धमा यस केन्द्रीय प्रविधि क्याम्पस को कार्यकारी समितिको मिति २०७९।११।४ मा बसेको बैठकले यस क्याम्पसमा आन्तरिक श्रोतबाट संचालित वि.आई.टी तथा वि.एस.सि सि.एस.आई.टी कार्यक्रममा अध्ययनरत विद्यार्थीहरुले अन्यत्र क्याम्पसहरुमा स्थानान्तरण भई जान चाहेको खण्डमा गरिएको निर्णयमा निम्नानुसार थप व्याख्या तथा केहि शंशोधन गर्ने निर्णय गरियो ।

१. **मिति २०७९।११।४** को निर्णयमा उल्लेख भएका जेनुअन कारण लाई निम्नानुसार प्रस्ट गरिएको छ ।

(क) स्थानान्तरण भई जान चाहने विद्यार्थी स्वयम्को स्वास्थ्यको कारण स्थानान्तरण भई जान चाहेको स्थानमा स्वास्थ्योपचार गर्नु पर्ने भएमा ।

(ख) स्थानान्तरण भई जाने विद्यार्थीको सगोलको बुबा वा आमा मध्ये कुनै एक जनाको स्वास्थ्योपचारको कारण स्थानान्तरण भई जान चाहेको स्थानमा स्वास्थ्योपचार गर्नु पर्ने भएमा ।

(ग) उपरोक्त दुवै स्थितिमा जिल्ला/क्षेत्रिय/उपक्षेत्रिय अस्पताल, मेडिकल कलेजबाट निजको वा वावु वा आमाको उपचार सम्बन्धमा स्पष्ट रुपमा लेखिएको आधिकारीक पत्र पेश गर्नु पर्ने छ ।

२. त्यसै गरी विद्यार्थीको आमा वा वुवा मध्ये एक जना जागिरमा भई सुनसरी जिल्लाबाट स्थानानतरण हुने स्थानमा सरुवा भई जानु पर्ने अवस्था भएमा वा बसाई सराई भई जान पर्ने भएमा आवश्यक प्रमाण सहित निवेदन पेश गर्नु पर्ने छ ।

३. यसै गरी विद्यार्थी स्थानान्तरण भई जान चाहदा निज स्थानान्तरण भई जाने क्याम्पसबाट सोहि सेमेष्टर अध्ययनरत विद्यार्थी यस क्याम्पसमा सरुवा हुन चाहि म्युचुअल ट्रान्सफरको हकमा स्थानान्तरणको सहमति/स्वीकृति दिईने छ ।

तर उपरोक्त ३ वटै अवस्थामा विद्यार्थीले आफु अध्ययन गरिरहेको सेमेष्टरको सम्पुर्ण शुल्क चुक्ता गरेको हुनुपर्ने छ ।

४.उपरोक्त बुँदा (१), (२) ,(३) आकर्षित नभएको तर यस क्याम्पस छाडि अन्यत्र क्याम्पस स्थानान्तरण भई जान चाहनेहरुको हकमा निज विद्यार्थीले अध्ययनरत कार्यक्रमको ८ वटै सेमेष्टरको कुल शुल्क (डोनेशन तथा अन्य) तिरि जान चाहेमा स्थानान्तरणको स्वीकृति दिने निर्णय गरियो ।